nepalpostdaily.com

# नेपाल पोष्ट डेली
दैनिक

29°C । वर्ष : ११, अंक : ०२ पृष्ठ ४ । मंगलबार,०३ भदौ २०८२ । TUESDAY, AUGUST 19, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## निजी विद्यालय सञ्चालकहरूले सांसद बीना जयसवाललाई बुझाए ज्ञापन पत्र

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०२ भदौ ।***



निजी विद्यालयका छाता सङ्गठनहरू , नेसनल प्याब्सन, एन प्याब्सन र प्याब्सनले राष्ट्रिय प्रजातन्त्र पार्टीकी प्रतिनिधिसभा सदस्य बीना जयसवाल कुर्मीलाई ज्ञापन पत्र बुझाउँदै निजी विद्यालयको लगानी संरक्षण र व्यवस्थित सञ्चालनको माग गरेका छन् । प्रस्तावित “विद्यालय शिक्षा सम्बन्धी कानुन संशोधन र एकीकरण विधेयक २०८०” का केही प्रावधान, जस्तै निजी विद्यालयलाई गैरनाफामूलक बनाउने र पाठ्यपुस्तक, पोसाक, यातायात लगायत निःशुल्क प्रदान गर्नुपर्ने नियम, अव्यवहारिक रहेको भन्दै सङ्गठनहरूले असहमति जनाएका छन् । प्याब्सन पर्साका सचिव अशोक सङ्गौलाले भने, “यी प्रावधानले निजी विद्यालयहरूको अस्तित्वमा संकट ल्याउनेछ र शैक्षिक प्रणाली तथा आर्थिक चक्रमा गम्भीर असर पार्नेछ । निजी क्षेत्रले पछिल्ला तीन दशकमा करिब ६ खर्ब लगानी, ४ लाख रोजगारी सृजना र ३४ प्रतिशत विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गरेको छ।” ज्ञापन पत्रमा निजी विद्यालयले हाल विद्यार्थीको १० प्रतिशतलाई भर्ना, वार्षिक र मासिक शुल्कमा छात्रवृत्ति दिने व्यवस्था जारी राख्न र पूर्ण निःशुल्क शिक्षा प्रावधान हटाइ हालको प्रणाली कायम राख्न माग गरिएको छ । साथै, यदि निजी क्षेत्र बाधक ठहरिए, मुआब्जासहित राष्ट्रियकरण वा विद्यार्थीलाई भौचर प्रणालीमार्फत विद्यालय छनोट गर्ने विकल्प राख्नुपर्ने प्रस्ताव पनि गरिएको छ । सो अवसरमा उपस्थित प्रमुख प्रतिनिधिहरूमा सरोज प्रसाद चौधरी (प्याब्सन पर्सा), छेदुप लामा (केन्द्रीय सदस्य, प्याब्सन), रामबिनय चौरसिया (केन्द्रीय वरिष्ठ उपाध्यक्ष, एन प्याब्सन), अरविन्द सिंह (केन्द्रीय सदस्य, एन प्याब्सन), इमामुद्दिन अहमद (सल्लाहकार, प्याब्सन मधेश प्रदेश), हरिश्याम ठाकुर (सल्लाहकार, प्याब्सन पर्सा), सुशिला साह (वरिष्ठ उपाध्यक्ष, प्याब्सन पर्सा), राहुल श्रीवास्तव (अध्यक्ष, प्याब्सन बीरगन्ज), अमित आलोक

बाँकी तेश्रो पृष्ठमा⇨

## शिक्षक कुटपिट प्रकरणमा प्रसौनी-६ का वडाध्यक्ष पक्राउ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०२ भदौ ।***



बाराको प्रसौनी गाउँपालिका-६ का वडाध्यक्ष बृजकिशोर कुशवाहा स्थानीय शिक्षकलाई कुटपिट गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) विजयराज पण्डितका अनुसार वडाध्यक्ष कुशवाहाले गत बुधबार वडा कार्यालयमै शिक्षक नागेश्वर कुमार यादवमाथि दारु सेवन गरेका समूहसहित कुटपिट गरेको उजुरी परेको थियो ।

उजुरीका आधारमा कुशवाहालाई अनुसन्धानका लागि पक्राउ गरिएको उनले जानकारी दिए । कुशवाहालाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको डिएसपी पण्डितले बताए । यसअघि पनि वडाध्यक्ष कुशवाहाविरुद्ध कुटपिट, चेक अनादर र आपराधिक लाभ सम्बन्धी मुद्दामा बारा जिल्ला अदालतले सजाय तोकेको थियो । अदालतले चेक अनादरमा ३ हजार, कुटपिटमा २ हजार र आपराधिक लाभमा १ हजार रुपैयाँ जरिवाना निर्धारण गरेको भए पनि फैसला कार्यान्वयन हुनु अघि नै उनी फरार भएका थिए । लामो समयदेखि फरार रहेका कुशवाहा यसअघि जेठ ११ गते मात्रै पक्राउ परेका थिए ।

## पर्सामा भन्सार छलीका सामानसहित ब्रेजा गाडी बरामद

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०२ भदौ ।***



सशस्त्र प्रहरी बल, पर्साले भन्सार छली गरी ल्याइएका करिब ४८ लाख ९१ हजार रुपैयाँ मूल्यबराबरका सामानसहित सुजुकी भिटारा ब्रेजा गाडी नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार बिआर-०१एफई-७१९९ नम्बरको गाडी वीरगञ्ज-९ घण्टाघर चोकमा रोकिएर जाँच गर्दा आवश्यक कागजात प्रस्तुत नभएकाले गाडीलाई नियन्त्रणमा लिएर वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको हो । उक्त गाडीको अनुमानित मूल्य मात्रै ३० लाख रुपैयाँ छ । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी नायब उपरीक्षक कृष्णसिंह पुजाराले आज मात्रै विभिन्न स्थानमा गरिएको कारबाहीमा करिब १५ लाख ६९

बाँकी तेश्रो पृष्ठमा⇨

## गौर हत्याकाण्डमा उपेन्द्र यादवमाथि अनुसन्धान गर्न सर्वोच्च अदालतको आदेश

***काठमाडौं,०२ भदौ ।***



सर्वोच्च अदालतले १८ वर्षअघि रौतहटको गौरमा भएको हत्याकाण्ड (गौर नरसंहार) सम्बन्धी अनुसन्धान गर्न जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवमाथि छानबिन अघि बढाउन जिल्ला प्रहरी कार्यालय रौतहटलाई आदेश दिएको छ। सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले सोमबार पीडितको रिटमा परमादेश जारी गरेको सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले जानकारी दिए । रिटमा २०६३ साल चैत ७ गते गौरको राइस मिलमा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा माओवादीद्वारा आयोजित कार्यक्रममा २७ जना माओवादी कार्यकर्ताको हत्या भएको घटनाको पुनः अनुसन्धान र दोषीमाथि कारबाही गर्न माग गरिएको थियो । पीडित परिवारका तर्फबाट दर्ता गरिएको रिटमा उपेन्द्र यादवसहित फोरमसम्बद्ध अन्य नेता तथा कार्यकर्ताहरू हत्यामा संलग्न भएको आरोप उल्लेख गरिएको छ । सो घटनापछि जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिइए पनि छानबिन नभएको भन्दै पीडितहरूले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका थिए । रिटमा रौतहट प्रहरी, सरकारी वकिल कार्यालय, प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाइएको छ ।

## सिमरामा लोकतान्त्रिक महिला सञ्जालद्वारा तीज विशेष कार्यक्रम सम्पन्न

***बारा,०२ भदौ ।***

बाराको सिमरामा लोकतान्त्रिक महिला सञ्जाल बाराले “नेतृत्वमा महिला, परिवर्तनमा गति” भन्ने नारासहित तीज विशेष कार्यक्रम सम्पन्न गरेको छ । सिमरा-२ स्थित रोयल पार्टी प्यालेसमा आयोजित कार्यक्रममा महिलाहरूले तीज गीत, नृत्य र विभिन्न सांस्कृतिक प्रस्तुति दिए । सहभागीहरूले तीजलाई केवल नाचगान र रमाइलोको पर्व मात्र नभई महिला सशक्तीकरण, एकता र सामाजिक सकारात्मकतासँग जोड्नुपर्नेमा जोड दिए । कार्यक्रममा लोकतान्त्रिक महिला सञ्जाल बाराकी अध्यक्ष तथा नेपाली कांग्रेस नेतृ मेघा शाहीले तीज पर्व धर्म-संस्कार, पारिवारिक समर्पण, दिदीबहिनीबीचको भेटघाट, रमाइलो र सशक्तीकरण सबैलाई जोड्ने पर्व भएको बताइन् । उनले नेपाली समाजमा अझै रहेका संकुचित सोच चिर्न महिलाहरू एकजुट हुनुपर्ने आवश्यकता औंल्याउँदै राजनितीमा नारीको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् । मधेस प्रदेशसभा सदस्य शोभा लामाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य

बाँकी तेश्रो पृष्ठमा⇨

## बारामा सीमा सुरक्षा कडा अवैध गतिविधि रोक्न सिसिटिभी र चेकपोष्ट

***बारा,०२ भदौ ।***

कलैया उपमहानगरपालिका-१० स्थित सीमा नाकामा अब सिसिटिभी, पक्की ब्यारियर र स्थायी चेकपोष्टमार्फत निगरानी कडा गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले सोमबार आयोजित सीमा सहजीकरण बैठकमा बोल्दै अवैध क्रियाकलाप नियन्त्रणका लागि सबै सुरक्षा निकाय र स्थानीय तहको सक्रिय सहकार्य आवश्यक रहेको बताए । उनले सीमा सुरक्षा संवेदनशील विषय भएकाले आ-आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिए । बैठकले सडक मर्मत, सरसफाइ, पार्किङ व्यवस्थापन, वृक्षारोपण र सन्देशमूलक सूचना बोर्ड राख्ने

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा ९८ प्रतिशत रोपाइँ सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०२ भदौ ।***

पर्सा जिल्लामा यस वर्ष ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र पर्साले जनाएको छ । केन्द्रका सूचना अधिकृत उमेश थापाका अनुसार जिल्लाका १४ वटै स्थानीय तहसँग समन्वय गरेर संकलन गरिएको तथ्यांकअनुसार करिब सम्पूर्ण रोपाइँ कार्य सम्पन्न भएको हो । “सबै पालिकाका कृषि शाखासँग समन्वय गरेर तथ्यांक लिँदा औसतमा ९८ प्रतिशत रोपाइँ भएको देखियो,” थापाले बताए ।अहिले रोपाइँ बाँकी रहेको प्रमुख क्षेत्र भने वीरगन्ज महानगरपालिका र सखुवाप्रसौनी गाउँपालिका मात्र रहेको छ । वीरगन्जमा करिब डेढ प्रतिशत र सखुवाप्रसौनीमा पनि

बाँकी तेश्रो पृष्ठमा⇨

## मानव सेवा आश्रमलाई सक्दो सहयोग गर्ने पूर्वमन्त्री रिजालको प्रतिबद्धता

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०२ भदौ ।***



पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री तथा पर्सा-४ का सांसद रमेश रिजालले बीरगन्जस्थित मानव सेवा आश्रमलाई आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । सोमबार बिहान आश्रम पुगेका रिजालले त्यहाँ रहेका आश्रितहरूको अवस्था अवलोकन गर्दै उनीहरूको भोजनमा योगदान गरे । अवलोकनका क्रममा संस्थापक देवेश गुप्ता र अभिभावक प्रकाश थारुले आश्रममा रहेका समस्या र आवश्यकताबारे जानकारी गराएका थिए । कार्यक्रममा नेपाली कांग्रेस पर्साका कोषाध्यक्ष प्रेम थापा, बीरगन्ज जेसीजका अध्यक्ष सरोज चौरसिया लगायतको उपस्थिति रहेको थियो । पूर्वमन्त्री रिजालले आफू मन्त्री रहँदा पनि विभिन्न दाताको सहयोगमा आश्रमलाई एउटा पिकअप गाडी उपलब्ध गराइसकेको स्मरण गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर गर्ने आश्वासन दिएका छन् ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## आमाको वंश आंशिक स्वीकार

आमाको वंशलाई आंशिक रूपमा स्वीकार गर्दै संसदीय विषयगत समितिबाट नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक पास भएको छ । राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिबाट आइतबार सर्वसम्मत रूपमा पास भएको विधेयकले आमाको नाम र ठेगानाबाट मात्रै समेत नागरिकता जारी हुन सक्ने बाटो खुला गरिदिएको छ । नेपालको संविधानको धारा १२ मा संविधानबमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था छ । यो व्यवस्था संविधान जारी भएको एक दशकसम्म पनि कार्यान्वयनमा आउन सकेन । कारण- यो व्यवस्था लागू हुनेगरी संघीय ऐन बन्न सकिरहेको छैन । यहीबेला सरकार आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी हुन सक्ने संवैधानिक व्यवस्था स्वीकार गरेर अगाडि बढ्न तयार भएको छ । योसँगै आमाको वंशलाई आंशिक रूपमा स्वीकार गर्दै संसदीय समितिबाट नागरिकता विधेयक पास भएको हो । आमाको वंश आंशिक स्वीकार गर्दै गर्दा सरकारले फेरि पनि महिलामाथिको अविश्वास कायमै राखेको छ । संसदीय समितिबाट पास भएको विधेयकअनुसार आमाले सन्तानलाई नागरिकता दिलाउँदा स्वघोषणा गर्नुपर्छ । त्यस्तो स्वघोषणा आमा र सन्तान दुवैले गर्नुपर्नेहुन्छ । जहाँ बाबुको पहिचान नभएको वा पत्ता नलागेको भन्नुपर्छ । तर बाबुको हकमा यो प्रावधान लागू हुनेछैन । बाबुको वंश स्वीकार गर्दा आमाको नाम नराख्ने भए आमाको हकमा जस्तो स्वघोषणा गर्नुपर्दैन । यो आमा र बाबुको वंशको निरन्तरतामा गरिएको विभेदकारी व्यवस्था हो । जसले निरन्तरता पाउने प्रावधान यथावत् छ । नेपाली पुरुषले विदेशी महिलासँग विवाह गरेर सन्तान जन्मिएपछि सहजै वंशजको नागरिकता पाउँछन् । तर नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेर नेपाल बसेका छन् र सन्तान जन्माएका छन् भने पनि सहजै नागरिकता पाउँदैनन् । सर्तसहित पाउँदा अंगीकृत नागरिकता दिने प्रावधान राखिएको छ । यसले फेरि पनि महिलाको हकमा कम विश्वास गरेको देखाउँछ । नेपाल पुरुषप्रधान देश हो । पुरुषबाट मात्रै वंशको विस्तार हुने मान्यता रहँदै आएको छ । यस्तो निरन्तरतामा क्रम भंगता गर्नेगरी संसदीय समितिले आमाको नाम र ठेगानाबाट मात्रै समेत नागरिकता जारी हुन सक्ने प्रावधान राखेर ऐन बनाउने निर्णय गर्नु आंशिक सुधार हो । जसले आमाको वंशलाई पनि आंशिक स्वीकार गरेको देखिन्छ । प्रस्तावित प्रावधानको सही कार्यान्वयनमा सरकारले अब तदारुकता देखाओस् । केवल ऐनमा राखेर हुँदैन भन्ने ख्याल गरोस् ।

# नीति, निरन्तरता र (राष्ट्) निर्माण

**भोजराज पौडेल**

मुलुकको आर्थिक समृद्धि र दिगो विकासका लागि समावेशी संस्थागत संरचना र नवीन वित्तीय संयन्त्रको जरुरी छ । नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रको आधार तयार गर्दै शक्ति विकेन्द्रीकरण, समावेशी प्रतिनिधित्व र नागरिक अधिकारको सुनिश्चितता गरेको छ । तर, व्यवहारमा नीति कार्यान्वयन, स्रोत परिचालन र संस्थागत सुधारमा थुप्रै काम हुन बाँकी छन् । यस आलेखमा समावेशी संस्थाहरूको विकास, सिंगापुरको वित्तीय मोडल, अर्थमन्त्री विष्णु पौडेलले हालै सुझाएको वैकल्पिक विकास वित्त कोषको आवश्यकता, लगानी बोर्डको भूमिका र नेपाल विद्युत् प्राधिकरणमा आवश्यक सुधारबारे चर्चा गरिनेछ ।



**नीति निर्माण** नेपालको संविधानले सबै नागरिकलाई समान अवसर र अधिकारको प्रत्याभूति गरेको छ । संघ, प्रदेश र स्थानीय तहमा शक्ति र स्रोतको विकेन्द्रीकरण गर्दै नीति निर्माण र कार्यान्वयनमा नागरिक सहभागिता बढाउने बाटो खोलेको छ । तर, राजनीतिक अस्थिरता, संस्थागत असक्षमता, अपारदर्शिता र जवाफविहीनता तथा भ्रष्टाचार जस्ता समस्याहरूले संविधानको मर्म व्यवहारमा उतार्न कठिन बनाएको तथ्य हाम्रोसामु छ । अर्थशास्त्रीद्वय डारोन एस. अकमोंग्लु र जेम्स ए. राबिन्सनले राष्ट्रहरूको सफलताको मूल आधार समावेशी संस्थागत संरचना विकासमा रहेको तर्क गर्छन् । समावेशी संस्थाहरूले सबै नागरिकलाई आर्थिक र राजनीतिक अवसर दिन्छन्, जसले दिगो विकास र समृद्धि ल्याउँछ । हामीले २०७२ को संविधानमार्फत समावेशी संस्थागत संरचना निर्माणको आधार तयार गरे पनि व्यवहारमा नीति कार्यान्वयन र संस्थागत सुधारमा निरन्तरता र दृढताका साथ काम गर्न सकेका छैनौं । संस्थागत सुधारसँगै आर्थिक विकासका लागि संकलित राजस्व पर्याप्त छैन । त्यसमा पनि नेपालको कर प्रणाली साँघुरो छ । कर संकलन लक्ष्यभन्दा कम हुनु, कर छली र कर प्रशासनमा कमजोरीले सार्वजनिक आय सीमित छ । आर्थिक मन्दीको समयमा घाटा बजेट स्वीकार्य होला तर दीर्घकालीन रूपमा राजस्व र खर्चको सन्तुलन आवश्यक छ । हाम्रो हकमा राजस्व संकलनको लक्ष्य हरेक वर्षजसो अपूरो रहन्छ । करको दायरा विस्तार गर्न, कर प्रशासन सुधार गर्न र कर छली नियन्त्रण गर्न सरकार उदासीन छ । बजेट र मौद्रिक नीति समग्र माग प्रवर्द्धन, रोजगारी सिर्जना र समावेशी विकासमा केन्द्रित छन् । सरकार र राष्ट्र बैंकको सक्रिय भूमिका, सामाजिक सुरक्षा, पूर्वाधार र कृषि विकासमा लगानीले आर्थिक वृद्धिमा सकारात्मक संकेत देखिन सक्छन् । तर, कार्यान्वयनमा ढिलाइ, पुँजीगत खर्चको न्यून उपयोग, कर संकलनमा कमजोरी, सुशासनको अभाव र वित्तीय पहुँचको सीमितताले नीति प्रभावकारितामा अवरोध पुर्‍याएको छ । दीर्घकालीन रणनीति, पारदर्शिता र कार्यान्वयनमा सुधार गर्न सके मात्र दिगो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । यसै सेरोफेरोमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारको खाताबाट हुने खर्चबाट मात्रै नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा हुन नसकेकाले वैकल्पिक स्रोतको खोजी तथा त्यसबाट मुनाफासमेत हासिल गर्न नयाँ कानुन आवश्यक रहेको बताएका छन् । प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बैठकमा 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथिको छलफलमा उनले सरकारको 'ट्रेजरी' भन्दा बाहिरबाट पनि स्रोत परिचालन र व्यवस्थापन गर्न यो कोष आवश्यक रहेको बताए । वैकल्पिक विकास वित्त कोषले कृषि, वन, खानी, खनिज, विद्युत्, पूर्वाधार, औद्योगिक क्षेत्र, सार्वजनिक-निजी साझेदारी परियोजनाहरूमा लगानी गर्ने व्यवस्था गर्न सकिन्छ । यसले परम्परागत लगानीबाहेक वैकल्पिक वित्तीय स्रोत परिचालन गरी आर्थिक विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

**निर्माण र निरन्तरता** नेपालले वैकल्पिक विकास वित्त कोष स्थापना र परिचालनका सन्दर्भमा सिंगापुरको विकास मोडलबाट महत्त्वपूर्ण पाठ सिक्न सक्छ । सिंगापुरले सन् १९६५ मा स्वतन्त्रता प्राप्त गरेपछि सीमित स्रोत, सानो भूगोल र विविध जातीय संरचनाका बाबजुद विश्वकै समृद्ध राष्ट्रमध्ये एक बन्न सफल भयो । यसको मूल कारण, सिंगापुरले विकासका लागि छुट्टै कोष (तेमासेक होल्डिङ्स) स्थापना गरी सरकारी स्वामित्वका सम्पत्ति र विदेशी मुद्रा सञ्चितिलाई व्यावसायिक ढंगले व्यवस्थापन गर्नु पनि एक हो । उक्त संस्थाले सरकारी स्वामित्वका कम्पनीहरूमा लगानी गर्दै दीर्घकालीन प्रतिफल सुनिश्चित गर्‍यो । विदेशी मुद्रा सञ्चितिलाई विश्वभरका विविध परियोजनामा पनि लगानी गर्दै सिंगापुरको आर्थिक स्थायित्व र वृद्धिमा योगदान पुर्‍यायो । यी कोषहरू पूर्ण पारदर्शिता, व्यावसायिकता र जवाफदेहिताका साथ सञ्चालन भए । सरकार, निजी क्षेत्र र नागरिक समाजबीचको सहकार्य, नीति निरन्तरता र संस्थागत सुधार सिंगापुरको सफलताको आधार रहेका छन् । नेपालले सिंगापुरको जस्तो छुट्टै विकास कोष स्थापना गर्दा पारदर्शिता, व्यावसायिकता र दीर्घकालीन सोचलाई प्राथमिकतामा राख्नुपर्छ । कोषको लगानी नीति स्पष्ट हुनुपर्छ । कुन क्षेत्रमा, कस्तो प्रतिफल अपेक्षा गर्दै कस्तो जोखिम व्यवस्थापनका साथ लगानी गरिन्छ भन्ने कुरा यकिन हुनु जरुरी छ । कोषमा सरकारी स्वामित्व भए पनि व्यावसायिक व्यवस्थापन र स्वतन्त्र बोर्डको व्यवस्था हुनुपर्छ । सिंगापुरमा जस्तै, कोषका प्रमुख पदाधिकारीहरूमा योग्य,

बाँकी तेश्रो पृष्ठमा

# रुविना खातुनको सपना

**केशव दाहाल**

काठमाडौंमा भूमि विधेयकमाथि बहस सुरु हुँदा म भने मधेशतिर थिएँ । यो यही वर्षको गर्मी महिनाको कुरा हो । छोटो समयका लागि गृहजिल्ला सुनसरी पुग्दा पुराना दौतरीहरूसँग भेट हुनु स्वाभाविक थियो । तिनैमध्येको एक जना थियो मेरो चिनारु, भिखन सदा । भूमि आयोगको जिल्ला अफिस पुगेर फर्किएको ऊ मलाई देख्नासाथ रोकियो । र भन्यो, ' आयोगको हाकिमलाई भेट्न गएको, नेता पो परेछ ।' भिखनसँग कुनै औपचारिक अध्ययन थिएन । तर अनुभवको विश्वविद्यालयले उसलाई यतिधेरै सिकाएको थियो कि ऊ जस्तोसुकै प्रश्नको 'सटाक' उत्तर दिन्थ्यो । उसको विशेषता के भने, सधैं मुस्कुराई रहन्थ्यो । र, त्यही परिचित मुस्कानका साथ ऊ मान्छेलाई व्यंग्य गर्थ्यो र हँसाउँथ्यो । 'बताउ भिखन, जिल्लामा भूमि आयोगले कसरी काम गर्दै छ ?' मैले बुझ्न खोजें । ऊ थोरै डराएझैं भयो र भन्यो, 'लेख लेख्छौ भने, त्यहाँ मेरो नाम नलेख है, नत्र मलाई आयोगले 'ब्लाक लिस्टमा' राख्छ ।' नाम नलेख्ने (त्यसैले भिखन चैं नाम परिवर्तन हो) सर्तमा मैले मञ्जुरी गरें । ऊ हाँस्यो र भन्यो, 'म आयोग पुग्दा ढोकैमा दलालसँग भेट भयो । भन्दैथियो, जग्गा पाउने दुइटा उपाय छन् । पहिलो, पार्टीको सदस्य बन्ने । दोस्रो, नेतालाई खुसी पार्ने । यहाँ खुसी पार्नुको अर्थ हो, दान-भेटी चढाउनु ।' भिखनलाई लिएर म इनरुवाको कुनै चिया पसलतिर लागें । चिया सुर्क्याउँदै उसले भन्यो, 'सबै नेताहरू दाम कमाउने ध्याउन्नमा छन् । सच्चा मनले भूमिहीन दलितका समस्या समाधान गर्ने यिनीहरूसँग न त मन छ, न त दिमाग ।' उसले दिक्क मान्दै भन्यो, 'लौ तिमी नै भन, गरिबलाई ३० वर्षदेखि यसरी लालपुर्जा दिने चक्करमा अलमल्याउन मिल्छ ? हजुरबादेखि लालपुर्जा पर्खिएको नातिलाई पनि छैन । लेख्नलाई चैं, संविधान र कानुनमै सुकुम्बासी, दलित र भूमिहीनलाई जमिन दिने कुरा गरेका छन्, तर परिणाम जिरो ।' यति भनेर भिखनले नेताहरूलाई थप गाली गर्‍यो र भुइँमा थुक्यो । उसको कुरा सुनेपछि मेरो मनमा प्रश्न आयो, बिचौलिया र दलालहरू सिंहदरबारको ढोकादेखि आयोगका आँगन, पिँढी र झ्यालसम्म पुगेका छन् त यस्तो बेला, निष्पक्ष काम हुन्छ कसरी ? भर्खरै मात्र पोखराको 'लिची' काण्डले मन्त्री, मन्त्रालय र भूमि आयोगको जुन चित्र देखायो, त्यो सर्वाङ्ग नाङ्गो थियो ।

भिखनसँग भेट भएको अर्को दिन म लागे कोशी पश्चिम । त्यो यात्रामा म केही भूमिहीन, सुकुम्बासी र दलितहरूसँग भेट्न चाहन्थें । र सोध्न चाहन्थे, के यो पटक भूमि आयोगले मधेशमा काम फत्ते गर्ला ? त्यसै मेसोमा, कोशी तर्नासाथ हनुमाननगरमा भेटिए, झगरु राम (नाम परिवर्तन) । भेट हुनासाथ खुलस्त गफिए उनी । झगरुसँग योभन्दा अगाडि ५ वटा भूमि आयोगमा निवेदन दिएको अनुभव रहेछ । त्यही अनुभव सुनाउँदै भने, 'हरेक वर्ष नयाँ आयोग बन्छन्, नयाँ वाचा गर्दछन्, नयाँ विवाद झिक्छन् र सकिन्छन् । हामीलाई लालपुर्जा चाहिएको छ, यिनीहरूलाई चाहिएको छ राजनीति । हामी त राज्यका लागि किरा मकौडा बराबर, कसले बुझ्छ हाम्रो दुःख ?' कंकालिनी मन्दिरको आडैमा बसेर हामीले केही क्षण कुरा गर्‍यौं । उनी भन्दैथिए, 'गरिबको भाग्य नै खोटो । कहिले कोशीको बाढीले हान्छ, कहिले सरकारको बैमानीले हान्छ । गरिबलाई न त टेक्ने मुढो छ, न त समाउने हाँगो ।' झगरु साँच्चै निराश थिए । मैले सोधें, ' किन निराश छौं ?' उनले भने, 'पाँच पटक आयोगमा निवेदन दिएर खाली हात फर्किएको एउटा गरिबसँग निराशा नभएर के हुन्छ हजुर ? हाम्रो राजनीतिले रोपेको नै निराशा छ त, म आशा उमारौं कहाँ ?' कुनै समय चमार आन्दोलनमा लागेको भगरु, अहिले सरकारसँग मात्र हैन आफैंसँग निराश थिए र सबैभन्दा निराश थिए, मधेशका नेताहरूसँग । भने, 'अब त यिनीहरूसँग आशा गर्नु नै बेकार छ ।' मैले झगरुलाई सोधें, 'सप्तरी र सिराहामा भूमि आयोग के गर्दै छ ? के पालिकाहरूले दलित, सुकुम्बासी र भूमिहीनहरूको लगत संकलन गरिसके ?' मेरो प्रश्न सुनेर उनी एकछिन गमे र भने, 'यता केही पनि भएको छैन । पालिकालाई ठूलाठालुको राजनीति मिलाउँदै ठिक्क छ, गरिबको के चिन्ता ? न त पालिका र भूमि आयोगबीचमा समन्वय छ, न त दलहरू नै यो विषयमा गम्भीर छन् । यहाँ जो दशकौंदेखि लालपुर्जा पर्खिबसेका छन्, उनीहरूलाई त आयोग बनेको खबर पनि छैन ।'लहान नपुग्दै गाईघाट जाने सडकको दायाँतिर भेटियो, एउटा चिया पसल । जहाँ स्थानीय शिक्षकदेखि राजनीतिक कार्यकर्ता र दलित सुकुम्बासीहरू गफिँदै भेटिए । मलाई देखेपछि मान्छेहरू झुम्मिए, किनभने म नयाँ थिएँ । परिचयपछि कुराकानी सुरु भयो । विषय थियो उही, भूमि, आयोग, विधेयक र राजनीति । प्रसंग निस्किनासाथ, एक जना अलिक टाठो व्यक्तिले भने, 'मलाई लाग्छ, अहिले भूमि आयोगले जसरी काम गर्न खोज्दै छ, यसमा निकै ठूलो षड् यन्त्र छ ।' 'कस्तो षड्यन्त्र ?' मेरो प्रश्न खस्न नपाउँदै उनले भने, 'यो पहाडे सत्ताले मधेशलाई नियोजित रूपमा पहाडीकरण गर्न चालेको कदम हो । त्यसैले मधेशी दलहरू यसको विरोधमा छन् ।' उनी पेसाले शिक्षक रहेछन् । तर रहेछन् कुनै राजनीतिक दलको कार्यकर्ता । उनको कुरा सुनेपछि मलाई लाग्यो मधेशमा भाष्यहरूको आफ्नै बजार छ । जसमा सबैभन्दा धेरै बिक्छ, पहाड र मधेशको उही पूर्वाग्रह, षड् यन्त्र र संशय । शिक्षक साथीलाई सम्झाउँदै मैले भनें, 'यस्तो छ सर, कम्युनिस्टहरू जब आफू परिणाम दिन सक्दैनन्, तब आफ्नो वरिपरि कल्पनाका नयाँ शत्रु खडा गर्दछन् र

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पसँग वार्ता गर्न जेलेन्स्कीसँगै युरोपेली नेताहरू पनि अमेरिका जाँदै

*काठमाडौं,०२ भदौ ।*



युक्रेनमा रुसी हमला अन्त्यका लागि दबाब दिन युरोपेली नेताहरू सोमबारसम्ममा वासिङ्टन पुग्ने भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी समकक्षी भ्लादिमिर पुटिनबीच शुक्रबार भएको शिखर वार्तापछि ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग पनि युक्रेन युद्ध अन्त्यका सम्बन्धमा सोमबार भेटवार्ता गर्ने कार्यक्रम तय छ । पुटिनसँगको शिखर वार्ता कुनै निष्कर्षमा पुग्न नसकेपछि ट्रम्पले युक्रेनमा तत्काल युद्धविराम गर्न असम्भव देखिएको बताएका थिए । युक्रेन र यसका युरोपेली सहयोगीहरूले पुटिनको अडानलाई समय खर्च गर्ने तर रुसको युद्धभूमिको प्रगतिलाई अघि बढाउने नयाँ रणनीतिका रूपमा आलोचना गरेका छन् । बेलायतका प्रधानमन्त्री केइर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रों, जर्मनीका चान्सलर फ्रेडरिक मर्ज र नेटोका महासचिव मार्क रुट युक्रेनबारे ट्रम्पसँग बृहत् छलफल गर्न र उनलाई युक्रेनको पक्षमा उभ्याउने माहोल सिर्जना गर्ने अभियानका साथ वासिङ्टन जान लागेका हुन् । भ्रमण दलमा इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी र फिनल्यान्डका राष्ट्रपति अलेक्जेन्डर स्टब्स पनि हुनेछन् । जर्मन सरकारले चान्सलर मर्जलाई अमेरिका जान लागेको पुष्टि गर्दै जर्मनीले 'युक्रेनमा द्रुत शान्ति सम्झौतामा चासो राख्ने' प्रयास गर्ने बताएको छ । अलास्काबाट वासिङ्टन फर्कने क्रममा ट्रम्पले जेलेन्स्की र युरोपेली नेताहरूलाई नेता पुटिनसँगको छलफलबारे जानकारी गराउने बताइएको छ । 'रुस र युक्रेनबीचको युद्ध अन्त्य गर्ने सबैभन्दा उत्तम उपाय भनेको सिधै शान्ति सम्झौतामा जानु हो जसले युद्धको अन्त्य गर्नेछ,' ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'युद्धविरामका सम्झौताहरू अक्सर रोकिँदैनन् ।' ट्रम्प र पुटिनको अलास्का वार्तापछि प्रतिक्रिया दिँदै जेलेन्स्कीले शनिबार भनेका छन्, 'यो परिवर्तनले परिस्थितिलाई जटिल बनाएको छ । यदि आक्रमण रोक्नका लागि सरल आदेश जारी गर्ने मस्कोको इच्छाशक्ति छ भने रुसले दशकौंसम्म आफ्ना छिमेकीसँग शान्तिपूर्ण सहअस्तित्व कायम गर्ने बृहंगम इच्छाशक्ति राख्ने धेरै प्रयास गर्न सक्छ ।' युरोपेली नेताहरूले सुरुदेखि नै पुटिनसँग ट्रम्पको सम्पर्कप्रति असहजता व्यक्त गर्दै आएका छन् । युक्रेन युद्ध अन्त्यबारे छलफलका लागि साझा एजेन्डा तय गर्न फ्रान्स, जर्मनी र बेलायतका नेताहरूले आइतबार भर्चुअल बैठक गरेका थिए । युक्रेन र उसका युरोपेली साझेदारहरूले ट्रम्प र पुटिनको वार्ता रुसको सैन्य कारबाहीलाई समय दिन खोज्ने रणनीति मात्र भएको भन्दै चिन्ता व्यक्त गरेका थिए । अलास्काबाट वासिङ्टन फर्कँदै ट्रम्पले सबै पक्षले सहमति जनाएमा युद्ध अन्त्यका लागि प्रत्यक्ष शान्ति सम्झौतामा पुग्न सकिने बताएका थिए ।

एक अधिकारीका अनुसार ट्रम्पले वार्तामा पुटिनको प्रस्तावलाई समर्थन जनाएका छन्, जसअनुसार रुसले पूर्वी युक्रेनको डोनबास क्षेत्रलाई पूर्ण नियन्त्रणमा लिन चाहन्छ र त्यसको साटो दक्षिणी युक्रेनको केही क्षेत्रहरूमा युद्धविराम प्रस्ताव गरेको छ । तर युक्रेनी पक्षले डोनबास छोड्न असहमति जनाएको छ । सोमबार युक्रेनी राष्ट्रपतिको वासिङ्टन भ्रमण प्रमुख कूटनीतिक घटना बन्ने अपेक्षा गरिएको छ । जेलेन्स्कीको गत फेब्रुअरी महिनाको ह्वाइट हाउस भ्रमण तनावपूर्ण भएको थियो तर यस पटक दुई पक्षबीच सकारात्मक संवाद हुने अपेक्षा गरिएको छ । शनिबार ट्रम्पसँग 'गहन' छलफलपछि जेलेन्स्कीले भनेका थिए, 'म वासिङ्टन जान उत्साहित छु र युद्ध अन्त्यसम्बन्धी सबै विषयमा विस्तृत छलफल गर्न इच्छुक छु ।' वार्ता चलिरहँदा पनि रुसको युक्रेनमा सैन्य कारबाही भने जारी छ । किभले शनिबार जनाएअनुसार, रुसले रातभर ८५ ड्रोन आक्रमण र एउटा क्षेप्यास्त्र प्रहार गरेको थियो ।

## गाजामा युद्ध अन्त्यका लागि सडकमा उत्रिए इजरायली नागरिक, प्रधानमन्त्रीद्वारा प्रदर्शनको आलोचना

*काठमाडौं,०२ भदौ ।*



गाजामा युद्ध अन्त्य र हमासको कब्जामा रहेका इजरायली बन्धकको रिहाइका लागि इजरायली नागरिक सडकमा उत्रिएका छन् । उनीहरुले गाजामा जारी युद्ध रोक्न र इजरायली बन्धकको रिहाइको सम्झौता गर्न माग गर्दै विरोध प्रदर्शन गरेका हुन् । आइतबार राति तेल अविवको 'होस्टेजेस स्क्वायर' मा ठूलो भीड जम्मा भएको थियो । एक दिवसीय राष्ट्रिय हड्तालका कारण केही क्षेत्रमा सडक प्रभावित हुनुका साथै विश्वविद्यालय पनि बन्द भएका छन् ।

यसै क्रममा दिनभर प्रदर्शन गर्ने करिब ४० जनालाई पक्राउसमेत गरिएको छ । विरोध प्रदर्शनका आयोजकले गाजा शहरमा नियन्त्रण गर्ने योजनाका कारण हमाससँग रहेका बन्धक २० जनाको ज्यान जाने खतरा रहेको बताएको छ ।

**प्रदर्शनको आलोचना**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले विरोध प्रदर्शनको आलोचना गरेका छन् । उनले भनेका छन्, 'इजरायलभित्रै हुने यस्ता प्रदर्शनले हमासको मनोबल झन बढ्नेछ र बन्धकको रिहाईमा ढिलाई हुनेछ ।' ७ अक्टुबर २०२३ मा इजरायलमा पर्व मनाइरहेका नागरिकलाई लक्षित गरी हमासले आक्रमण गरेयता गाजामा युद्धको सुरुआत भएको हो । उक्त आक्रमणमा इजरायलमा १२ सय जना मारिएका थिए । जसमा १० जना नेपाली विद्यार्थी पनि थिए । यस्तै उक्त आक्रमणपछि हमासले एक नेपालीसहित २५१ जनालाई बन्धक बनाएर गाजामा लिएका थिए । जसमध्ये अब करिब २० जना मात्र जिवित रहेको बताइएको छ ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा


### नीति, निरन्तरता र.............

अनुभवी र स्वतन्त्र व्यक्तिहरू नियुक्त गर्नुपर्छ । कोषको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्छ र नागरिक समाज तथा संसद्को निगरानीमा रहनुपर्छ । यसले कोषमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्छ र स्रोतको दुरुपयोग तथा भ्रष्टाचारबाट जोगाउँछ । नेपालमा वैकल्पिक विकास वित्त कोषको सफलताका लागि लगानी बोर्डको अनुभवबाट पनि पाठ लिन सकिन्छ । लगानी बोर्ड स्थापना गरिनुको उद्देश्य ठूला पूर्वाधार परियोजनामा निजी क्षेत्र, विदेशी लगानीकर्ता र सरकारबीच सहकार्य बढाउनु हो । तर, बोर्डको कार्यक्षमता अझै सशक्त बनाउन आवश्यक छ । परियोजना छनोट, वातावरणीय मूल्यांकन, जग्गा व्यवस्थापन र अनुमति प्रक्रियामा ढिलाइ, पारदर्शिताको अभाव र राजनीतिक हस्तक्षेपले बोर्डको प्रभावकारिता घटाएको छ । लगानी बोर्डलाई पूर्ण व्यावसायिकता, स्वतन्त्रता र स्पष्ट कार्यादेशका साथ सशक्त बनाउनुपर्छ । परियोजना छनोटमा पारदर्शिता, वातावरणीय र सामाजिक मूल्यांकनमा कडाइ र अनुमति प्रक्रियामा एकद्वार प्रणाली लागू गर्नुपर्छ । यसले लगानीकर्ताको विश्वास बढाउँछ । परियोजना कार्यान्वयनमा गति ल्याउँछ । साभार ईकान्तिपुर ।

### रुविना खातुनको सपना......

दोष दिन्छन् त्यसैलाई । उनीहरूलाई सामन्तवाद, साम्राज्यवाद र विस्तारवाद भनेपछि पुग्यो । यता मधेशमा पनि म त्यही देख्छु । अँध्यारो आफैंभित्र छ, देखाउँछन् पहाडको भूत । अन्यथा, यो मधेशलाई नियोजित रूपमा पहाडीकरण गर्ने कुरा कहाँबाट आयो ? पहाड पनि मधेशको हो, मधेश पनि पहाडको हो । हामी पहाडे, मधेशी एउटै देशका मान्छे हौं । अतः कसलाई कहाँ बस्ने दिने र कसलाई कहाँ बस्न नदिने भन्ने प्रश्न नै बेठिक छ । नेपालीहरू संसारभर बसेका छन् त यता आफ्नै देशमा पनि कोही पहाडमा मात्र बस्न पाउने र कोही मधेशमा मात्र बस्न पाउने हुन्छ ?' मेरो कुरा सुनिरहेको एक जना युवाले सोध्यो, 'त्यसो भए भूमि विधेयकको विवाद चैं के हो त ?' मैले विषयलाई केही खुलाउँदै भनें, 'विवादका सबै पहलुहरू त बिस्तारै खुल्दै जालान्, तर यसमा मुख्यतः दुइटा विवाद छन् । पहिलो भूमि ऐन र वन ऐनमा बाझिएका कुरा कसरी मिलाउने ? दोस्रो, हदबन्दी छुटको जमिनको प्रयोग कसरी गर्ने ? जस्तो, भूमिसम्बन्धी ऐनको दफा ५२ (ख) मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन सुकुम्बासीलाई एक पटकका लागि नेपाल सरकारले उपदफा (४) को अधीनमा रही निजहरूलाई आवाद-कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउने' भनिएको छ । साभार ईकान्तिपुर ।

### निजी विद्यालय सञ्चालक....

(सचिव, प्याब्सन पर्सा), गुड्डु रौनियार (सचिव, हिसान) लगायत रहेका थिए । यसअघि, निजी विद्यालय सञ्चालकहरूले वीरगञ्जका प्रमुख प्रशासकीय अधिकृत, सहायक प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा समन्वय इकाइलाई समेत ज्ञापन पत्र बुझाइसकेका छन् । देशभर काठमाडौं, पोखरा, चितवनलगायत स्थानमा पनि यस्तै ज्ञापन पत्र बुझाइएको छ । सङ्गठनहरूले सरकारसँग सहकार्यको अपेक्षा राख्दै विधेयकका अव्यवहारिक प्रावधान सच्याउन अपिल गरेका छन् र माग सम्बोधन नभए शैक्षिक क्षेत्रमा गम्भीर संकट आउन सक्ने चेतावनी दिएका छन् ।

### सिमरामा लोकतान्त्रिक......

मधु शाही ठकुरी, कांग्रेस नेतृहरू निरु रायमाझी, राधा देवी, विम्सला नेपाल, दुर्गा रिजाल, प्रतिभा पौडेल लगायतको सहभागिता थियो । साथै, विभिन्न सहकारी संस्थाका प्रतिनिधि, महिला नेतृहरू तथा समाजसेवीहरूको समेत उपस्थिति रहेको थियो ।

### पर्सामा भन्सार छलीका.......

हजार रुपैयाँ बराबरका कपडा, बटर र सवारीसाधनका इन्जिन स्पेयर पार्ट्स बरामद गरिएको जानकारी दिए । त्यस्तै, वीरगञ्ज-१६ का विभिन्न नाकाबाट १ लाख ७० हजार रुपैयाँभन्दा बढी मूल्यका सामान र मदिरा, वीरगञ्ज-१९ वर्वाबाट ८७ हजार रुपैयाँभन्दा बढीका सामान, र छपकैयाबाट ६३ हजार रुपैयाँभन्दा बढीका कपडा तथा किराना सामान नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

### बारामा सीमा सुरक्षा...........

निर्णयसमेत गरेको छ । उपमहानगर प्रमुख विनोद साहले नगरपालिकाले पक्की ब्यारियर र सूचना पाटी निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाए । सशस्त्र प्रहरी बल १२ नं गणका गणपति एसपी खुमबहादुर केसीका अनुसार, सिसिटिभी जडान र ब्यारियर निर्माणपछि चोरी, तस्करी र अन्य अवाञ्छित गतिविधिमा नियन्त्रण हुने अपेक्षा गरिएको छ । त्यस्तै, स्थानीय रामाअयोध्या प्रसाद गुप्ताले सीमा क्षेत्रमा रहेका होटल र मदिरा पसल सार्नुपर्ने सुझाव दिएका छन् । उनका अनुसार यी व्यवसायहरूले आपराधिक गतिविधि बढाउने सम्भावना बढी हुन्छ । बैठकले स्थायी पोस्ट स्थापना, सवारी साधन नियमन, भन्सारको नियमित अनुगमन तथा छड्के निरीक्षणलाई कडाइ गर्ने निर्णय पनि गरेको छ ।

### पर्सामा ९८ प्रतिशत ............

सोही हाराहारीमा रोपाइँ भइरहेको केन्द्रले जनाएको छ । अन्य पालिकामा थोरै मात्र रोपाइँ अधुरो छ । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा यस वर्ष करिब ३९ देखि ४० हजार हेक्टर जमिनमा बर्खे धान खेती गरिएको छ । गत वर्ष पनि यस्तै क्षेत्रफलमा धान लगाइएको थियो । धान पर्साको प्रमुख बाली मानिन्छ र जिल्लाका सबै १४ स्थानीय तहमा यसको खेती हुने गरेको छ ।

# स्वास्थ्य

## गर्भनिरोधक चक्कीले डिप्रेसन गराउँछ ?



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार विश्वभर १० करोडभन्दा बढी महिलाले गर्भ निरोधक चक्की प्रयोग गर्छन् । सन् १९६० को दशकमा गर्भनिरोधक चक्की प्रयोगमा आएको थियो । यो चक्की प्रयोगमा आएदेखि फाइदाका साथै विभिन्न साइड-इफेक्ट पनि देखिएका छन् । जसमध्ये डिप्रेसन पनि प्रमुख रहेको विभिन्न अध्ययनले देखाएका छन् । गत वर्ष इपिडिमियोलोजी एन्ड साइक्याट्रिक साइन्सेसमा प्रकाशित एक अध्ययनअनुसार किशोरावस्थादेखि गर्भनिरोधक चक्की प्रयोग गर्नेहरूमा डिप्रेसनको जोखिम १३० प्रतिशत र वयस्कबाट प्रयोग गर्नेमा ७३ प्रतिशत रहन्छ । विशेषगरी दुई वर्षसम्म सो भन्दा बढी दैनिक प्रयोग गर्ने महिलामा सो समस्या देखिन सक्छ । उक्त अध्ययन लण्डनको बायोबैंकबाट दुई लाख ६४ हजार महिलामा गरिएको थियो । जसबाट कहिले पनि प्रयोग नगर्ने महिलाको तुलनामा दुई वर्षसम्म प्रयोग गर्नेहरूमा डिप्रेसन हुने जोखिम उच्च रहने अध्ययनको निष्कर्ष थियो । तर यसको कारणबारे भने स्पष्ट रुपमा नआइसकेको र थप अध्ययन आवश्यक रहेको अध्ययनकर्ताहरूले बताएका छन् ।

सो अध्ययनका अनुसन्धानकर्ता थेरेज जोहन्सन भन्छन्, 'गर्भ निरोधक चक्की महिलाको लागि फाइदाजनक छ, जसमा कुनै शंका छैन । तर यसको साइड-इफेक्टको रुपमा देखिने डिप्रेसनको बारेमा पनि प्रयोगकर्ताहरु सचेत हुन आवश्यक छ ।' उनका अनुसार पहिले भएका अध्ययन र हालै भएको अध्ययनले पनि साइड-इफेक्टको रुपमा डिप्रेसन हुने देखाएको छ । यसै सन्दर्भमा डेनमार्कमा भएको एक अध्ययनले भने गर्भनिरोधक चक्की र डिप्रेसनबीचको सम्बन्ध त्यति गम्भीर नभएको देखाउँछ । एबरडीन विश्वविद्यालयका प्राइमरी केयरका प्राध्यापक फिल हन्नाफोर्डका अनुसार गर्भनिरोधक चक्की र डिप्रेसनबीच कम प्रभाव छ ।

गर्भनिरोधक चक्की प्रयोग नगर्ने प्रत्येक १०० महिलामध्ये १.७ जना महिला प्रत्येक वर्ष डिप्रेसनबाट ग्रस्त हुने र गर्भनिरोधक चक्की प्रयोग गर्ने प्रत्येक १०० महिलामध्ये २.२ जना महिला डिप्रेसनबाट ग्रस्त हुने उनको भनाइ छ ।

थप प्रष्ट पार्दै प्रा. डा. हन्ना फोर्डले भन्छन्, 'प्रत्येक सयमा २.२ हुनु भनेको त्यस्तो ठूलो कारण होइन । औषधि प्रयोग गर्ने महिलामा डिप्रेसन देखिनु अन्य कारण हुनसक्छ । जस्तै, महिलाको पार्टनरसँग सम्बन्ध टुट्यो वा दिनहुँ जस्तो झैझगडा भएमा पनि डिप्रेसन हुनसक्छ ।'

# मधेशवादी नेताको दोहोरो चरित्रकै कारण अधिकार नपाइयो : अनिल झा



*जनकपुर,०२ भदौ ।*

नेपाल सद्भावना पार्टीका अध्यक्ष अनिलकुमार झाले मधेशवादी नेताहरूको दोहोरो चरित्रकै कारण मधेशले अपेक्षित अधिकार पाउन नसकेको आरोप लगाएका छन् । हालै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) छाडेर सद्भावनामा फर्किएका झाले कुरा गर्दै मधेशको मुद्दा सशक्त रूपमा उठाउने दलहरूको कमी रहेको बताए । उनका अनुसार मधेशमा “जय मधेश” भन्ने र काठमाडौंमा गएर “संघीय अभिवादन” गर्ने प्रवृत्तिका कारण मधेशका जनताले अधिकार गुमाउनुपरेको छ । “कतिपय नेताहरू काठमाडौंमा प्रधानमन्त्रीसँग खुट्टा पुज्छन्, अनि मधेश फर्केपछि जनतालाई अर्कै कुरा भन्छन्,” झाले टिप्पणी गरे, “त्यस्तो डबल वा ट्रिपल स्ट्यान्डका कारण नै मधेशलाई संकुचित पारिएको हो ।” उनले मधेशवादी नेताले सिंहदरबारदेखि संसद, विदेशी समुदायदेखि प्रधानमन्त्री निवाससम्म एउटै कुरा बोल्ने साहस गर्न नसकेको उल्लेख गर्दै आफू आगामी निर्वाचनमा जनताको परीक्षणका लागि तयार रहेको स्पष्ट पारे । “हामी भूमिगत राजनीति गर्ने पार्टी होइनौं, अन्ततः ब्यालेटमार्फतै जनताको विश्वास जित्ने हो,” उनले भने । झाका अनुसार आगामी दुई वर्षभित्र सद्भावना पार्टीलाई जनस्तरसम्म पुर्‍याउने अभियानमा सक्रिय हुने योजना रहेको छ ।

# बर्दिया राष्ट्रिय निकुञ्जमा जिप सफारी अस्थायी रूपमा बन्द




*बर्दिया,०२ भदौ ।*

बर्दिया राष्ट्रिय निकुञ्जमा वर्षाका कारण सडक क्षतिग्रस्त भएका कारण जिप सफारी अस्थायी रूपमा रोकिएको छ । निकुञ्जभित्र करिब १५० किलोमिटर सडक मर्मत गर्नु परेको र सडकमा ढलेका रुख हटाउनुपर्ने कारणले सफारी सेवा बन्द गरिएको निकुञ्जले जनाएको छ । निकुञ्जका वरिष्ठ सहायक संरक्षण अधिकृत सरोजमणि पौडेलका अनुसार करिब एक महिनाभित्र सडक मर्मत र रुख हटाउने काम पूरा गरिनेछ । पर्यटकलाई असुविधा नहोस् भनेर पथ प्रदर्शकमार्फत निकुञ्ज अवलोकन भइरहेको उनले बताए । सफारी बन्द हुँदा पर्यटन व्यवसायी प्रभावित भएका छन् । वर्षायाम भएकाले पर्यटक कम भए पनि आउने पर्यटक प्रायः जिप सफारी रोज्ने गरेका छन् । पर्यटन व्यवसायी रामजी बाबु थापाले निकुञ्जले छिटो सडक मर्मत गर्नुपर्ने जोड दिएका छन् । गत आर्थिक वर्षमा करिब २८ हजार ६८ जना स्वदेशी तथा विदेशी पर्यटक निकुञ्ज अवलोकनका लागि पुगेका थिए । निकुञ्जमा १२५ बाघ, १२० हात्ती र ३८ गैंडा रहेका छन्, तीमध्ये कतिपय गैंडा सीमावर्ती भारतको कतरनिया आरक्षमा पुगेका छन् । निकुञ्जमा आउने पर्यटक प्रायः जिप सफारी र पैदल अवलोकन गर्छन् । बर्दियाबाहिर ३० भन्दा बढी होटल र करिब २० होमस्टे सञ्चालनमा छन् । त्यसभन्दा बाहेक पर्यटकले जैविक मार्गको डल्ला, पत्थरबोझी, गोही-घडीयाल प्रजनन केन्द्र र थारु संग्रहालय अवलोकन गर्न पनि आउँछन् ।

# जलवायु प्रकोपको तयारीमा सरकार जिम्मेवार हुनुपर्छ : महामन्त्री थापा



*काठमाडौं,०२ भदौ ।*

नेपाली कांग्रेसका महामन्त्री र प्रतिनिधिसभा सांसद गगनकुमार थापाले सरकारलाई जलवायुजन्य प्रकोपको तयारीमा सक्रिय र जिम्मेवार हुन आवश्यक रहेको बताएका छन् । आजदेखि सुरु भएको हिन्दूकुश-हिमालय क्षेत्रका सांसदहरूको बैठकको पहिलो सत्रलाई सम्बोधन गर्दै महामन्त्री थापाले दक्षिण एसियामा जलवायु परिवर्तनका प्रभाव अत्यन्त संवेदनशील देखिएको बताएका छन् ।

उनले भारत, पाकिस्तान, नेपाल र बंगलादेशमा पछिल्ला जलवायुजन्य घटनाहरूले यस क्षेत्र जलवायु संकटको सामना गरिरहेको उल्लेख गर्दै समयमा सतर्कता अपनाउन जोड दिए । थापाले पाकिस्तानमा आएको बाढी-पहिरो र अन्य क्षेत्रीय जलवायु प्रकोपलाई उदाहरण दिँदै भने, “हामी सीमापार जोखिम मूल्यांकन गर्न सक्छौं, ज्ञान र जानकारी साझेदारी गर्न सक्छौं । अब जलवायु संकट न्यूनीकरणमा चुप लागेर बस्नुहुँदैन ।” महामन्त्री थापाले भविष्यमा यस्ता जलवायु संवाद निरन्तरता दिन, संसदीय बहस र कार्यक्रममार्फत जलवायु मुद्दालाई राष्ट्रिय बहसको मूलधारमा ल्याउन आवश्यक रहेको बताए । साथै, समुदायस्तरबाट संकलित जलवायु अनुकूलनका अनुभवहरूलाई राष्ट्रिय नीति निर्माण र कार्यान्वयनमा उपयोग गर्न सांसदहरूको भूमिका महत्वपूर्ण रहेको उनले बताए ।

# सर्लाहीमा विद्यालय बस दुर्घटना

*सर्लाही,०२ भदौ ।*

सर्लाहीको चन्द्रनगर गाउँपालिका-१ फरिद टोलमा सोमबार बिहान विद्यालय बस दुर्घटना हुँदा पाँच विद्यार्थी र चालक घाइते भएका छन् । ईश्वरपुर नगरपालिकास्थित बयलवासको माउन्ट कञ्चनजङ्घा बोर्डिङ स्कुलको ना.५ ख.७३७३ नम्बरको बस विद्यार्थी लिएर विद्यालयतर्फ जाँदै गर्दा अनियन्त्रित भई धान खेतमा पल्टिएको इलाका प्रहरी कार्यालय केशरगञ्जले जनाएको छ । दुर्घटनामा चालक रामकरण महतो र विद्यार्थीहरू सृष्टी साह , सोनु कुमार महतो , सनी कुमार महतो, सोनम कुमारी महतो र उषा महतो घाइते भएका छन् । सबैको अवस्था सामान्य रहेको र उपचारका लागि लालबन्दीस्थित मोडेल अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएको छ ।

# फरार अभियुक्त पक्राउमा गृह मन्त्रालय सक्रिय, पहिलो वर्षमा सबैभन्दा बढी पक्राउ



*काठमाडौं,०२ भदौ ।*

गृहमन्त्री रमेश लेखकको निर्देशनमा गृह मन्त्रालयले मुलुकभर फरार अभियुक्त पक्राउमा तीव्रता दिएको छ । उनका कार्यकालको पहिलो वर्ष (आर्थिक वर्ष २०८१/८२) मा हालसम्मकै सबैभन्दा बढी फरार अभियुक्त पक्राउ परेका छन् । गत आवमा गृह प्रशासनको सक्रियताका कारण २४ हजार ३८२ फरार अभियुक्त पक्राउ परे, जुन अघिल्लो आवको १४ हजार ७६४ अभियुक्तको तुलनामा करिब ६५ प्रतिशत बढी हो । प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार, आर्थिक वर्ष २०७९/८० मा मात्रै ११ हजार ९०२ फरार अभियुक्त पक्राउ परेका थिए । प्रदेशगत विवरण अनुसार काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीले सबैभन्दा बढी ६ हजार ३७५ फरार अभियुक्त पक्राउ गरेको छ । त्यस्तै, कोशी प्रदेश प्रहरीले ३,४८९, मधेस प्रदेश ५,७१२, बाग्मती प्रदेश १,७०३, गण्डकी प्रदेश १,४९१, लुम्बिनी ३,९९६, कर्णाली ५५६, सुदूरपश्चिम ९२८ र केन्द्रीय अनुसन्धान ब्यूरोले १३२ फरार अभियुक्त पक्राउ गरेको छ । गत आवमा मात्र रु. १ अर्ब ५० करोडभन्दा बढी जरिवाना रकम असुल गरिएको छ । काठमाडौं प्रहरी परिसरले देशभरकै सबैभन्दा बढी पाँच हजार ५८५ फरार अभियुक्त पक्राउ गरी कानुनी दायरामा ल्याएको छ । यस अघि उक्त संख्या आर्थिक वर्ष २०८०/८१ मा १,०६७ मात्र थियो । त्यसैगरी, गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्षमा सहकारी सम्बन्धी ८२ मुद्दा दर्ता भएका थिए र देशभरबाट ४५ अभियुक्त पक्राउ परेका छन् । नेपाल प्रहरीका अनुसार सीमित स्रोतसाधन र जनशक्तिको अधिकतम प्रयोग गरेर फैसला कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरिएको छ ।

# बीरगञ्ज उद्योग वाणिज्य संघद्वारा सशस्त्र प्रहरी डिएसपी सुब्बा पुरस्कृत



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,०२ भदौ ।*

बीरगन्ज उद्योग वाणिज्य संघले सशस्त्र प्रहरी उपरीक्षक स्व. सुमन थपलियाको स्मृतिमा स्थापना गरेको ‘बेस्ट इन्टेग्रिटी’ पुरस्कार सशस्त्र प्रहरी नायब उपरीक्षक लोकेन्द्र सुब्बालाई प्रदान गरेको छ । सुब्बा पहिले वीरगन्ज भन्सार कार्यालय परिसरको प्रस्तावित सशस्त्र प्रहरी गुल्ममा कार्यरत थिए र हाल काठमाडौंस्थित सशस्त्र प्रहरी मुख्यालयमा कार्यरत छन् । सोमबार संघकै सभाकक्षमा आयोजित समारोहमा पुरस्कार वितरण गर्दै अध्यक्ष हरि गौतम र सशस्त्र प्रहरी महानिरीक्षक कृष्णप्रसाद ढकालले संयुक्त रूपमा २५ हजार रुपैयाँ राशीको पुरस्कार सुब्बालाई प्रदान गरे । अध्यक्ष गौतमले भने, “स्व. थपलियाको सत्यनिष्ठा, इमानदारी र कर्तव्यपरायणताको स्मृतिमा यो पुरस्कार स्थापना गरिएको हो । यसले सुरक्षाकर्मीहरूलाई निस्वार्थ, समर्पित र इमानदार भावनासहित काम गर्न प्रोत्साहित गर्नेछ ।” पुरस्कार वितरण कार्यक्रममा संघका उपाध्यक्ष आशीषकुमार लाठ, महासचिव शिवजीप्रसाद साह, कोषाध्यक्ष अनोज रुंगटा, सचिव प्रेमचन्द्र गोयल, सह-कोषाध्यक्ष निरज अग्रवाल, सह-सचिव नरेशकुमार टिबडेवाल र प्रशासकीय अधिकृत मनोज उपाध्यायलगायत अन्य पदाधिकारीहरू उपस्थित थिए ।

# बीरगञ्ज युवा समाजद्वारा प्रसाद वितरण

*बीरगन्ज,०२ भदौ ।*

बीरगन्ज युवा समाजले श्रीकृष्ण जन्माष्टमीको अवसरमा श्रद्धालु, स्थानीय वटुवाहरू, रिक्सा चालक र यात्रुहरूलाई प्रसाद वितरण गरेको छ । समाजले देश र समाजमा रहेका विकृती, कुप्रथा र कुसंस्कारको विरोध गर्दै जनचेतना जगाउने उद्देश्यसहित विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ । सोमबार बीरगन्ज -४ बिर्तास्थित कृष्ण मन्दिरमा आयोजित कार्यक्रम अध्यक्ष संजीव थापाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा बिर्तामाइ संरक्षण समितिका अध्यक्ष एवं वडा ४ का वडाअध्यक्ष जगत साह कानु, श्रीकृष्ण रथ यात्रा २०८२ का संयोजक उमेश शर्मा, सामुदायिक प्रहरी बिर्ताका अध्यक्ष माजिद मिया, वीरगन्ज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, बिर्तामाइ युवा क्लबका अध्यक्ष राज गुप्ता, साथै समाजसेवीहरू कन्चन झा, भोला मानन्धर, सुरज श्रेष्ठ, सुनिल श्रेष्ठ, भाजु राउत र समाजका अन्य सदस्यहरूको सहभागिता रहेको थियो । अध्यक्ष थापाले, “परिवर्तनको लागि ‘वीरगन्ज युवा समाज’ भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै युवाहरूलाई सकारात्मक सन्देशका साथ देश र समाजको सेवा गर्न प्रेरित गर्दै आएका छौं । आजको रथ यात्रा पश्चात् मन्दिरमा प्रसाद वितरण गर्न पाउँदा हामी निकै खुशी छौं,” भने । कार्यक्रममा वडाअध्यक्ष जगतसाह कानु र मन्दिर समितिका पदाधिकारीहरूले आयोजक समाजको कामको सराहना गर्दै आगामी दिनमा अझ प्रभावकारी रूपमा देश र समाजको सेवा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

आफु पनि मास्क लगाऔं र अरुलाई पनि मास्क लगाउन प्रोत्साहन गरौं ।

# १२५ किलो गाँजासहित युवक पक्राउ

*हेटौंडा,०२ भदौ ।*

मकवानपुर प्रहरीले ठूलो परिमाणको गाँजासहित एक युवकलाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा धादिङको गल्छी गाउँपालिका-८ निवासी ३१ वर्षीय रामबहादुर तामाङ रहेका छन् । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेमा नियमित सुरक्षा जाँचका क्रममा प्रहरीले बा २१ च ३०८५ नम्बरको पिकअप गाडी रोकेर तलासी गर्दा १२५ किलो गाँजा फेला पारेको हो । गाडीको पछाडिपट्टि ११ वटा प्लास्टिकको बोरामा गाँजा प्याक गरी लुकाइएका थिए ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा